# शोधभर्ना हुने वैदेशिक श्रोतको बजेट फुकुवा तथा आयोजना लेखा सिफारिस कार्यविधि, २०७७/२०७८

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## १) प्रथम चौमासिक निकासा प्रकृया :

१.१ चालु आयोजनामा प्रथम चौमासिक अवधिको लागि विनियोजित वैदेशिक श्रोत नगद ऋण तथा नगद अनुदान (Pre-Funding) श्रोत (IDA/DPC,IMF/RCF,ADB/PBL बजेटरी सहायता तर्फ बाहेक)को भुक्तानी/निकासा गर्दा फुकुवा आदेश आवश्यक पर्ने । सो बाहेक प्रथम चौमासिकको लागि विनियोजित शोधभर्ना रकम भुक्तानी/निकासा दिन यस कार्यालयको फुकुवा आदेश आवश्यक नपर्ने तर नयाँ आयोजनाको सम्बन्धमा आयोजना सञ्चालनको लागि नेपाल सरकार र दातृ निकाय बीच ऋण वा अनुदान सम्झौता भई ऋण वा अनुदान सम्झौता कार्यन्वयन (Effective) भई सकेको हुनुपर्नेछ । चालु आयोजनाको हकमा भने प्रथम चौमासिक अवधिसम्म ऋण वा अनुदानको म्याद बाँकी भएको हुनुपर्नेछ ।

## २) दोश्रो चौमासिक फुकुवा प्रकृया :

२.१ सहायता सम्झौता बमोजिम संचालनमा रहेका कार्यक्रम/आयोजनाको आ.व. २०७६/०७७ सम्मको शोधभर्ना लिन बाँकी ऋण र अनुदान रकमको शोधभर्ना प्राप्त भैसकेको हुनुपर्नेछ । एउटा दातृ निकायको ऋण तर्फ बढी शोधभर्ना प्राप्त भई अनुदानमा शोधभर्ना लिन बाँकी रही कूल शोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको श्रोत भने फुकुवा गरिने छैन ।

तर शोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहे पनि दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुने अवस्था नभएमा पनि श्रोत फुकुवा गर्नुपर्ने भएमा अर्थ मन्त्रालयबाट शोधभर्ना श्रोत फुकुवा गरी दिन भनि निर्णय भई आएमा सो पत्र सहित शोधभर्ना समयमा प्राप्त नहुनाका कारण सहित सम्बन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र शोधभर्ना माग गर्ने व्यहोरा सहितको लिखित प्रतिवद्धता पेश गरेमा श्रोत फुकुवा गरिनेछ ।

दोस्रो चौमासिकको शोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची १ अनुसारको ढाँचामा शोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२.२ सम्बन्धित आयोजनाहरुले निर्दिष्ट ढाँचामा आ.व. २०७६/७७ को आयोजना लेखा (लेखापरीक्षण नभएको) पेश गरेको हुनु पर्नेछ । आयोजना लेखा (लेखापरीक्षण नभएको) पेश गर्न नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत वित्तिय विवरण पठाएको जानकारी सहित वित्तिय विवरण पेश गर्नु पर्नेछ ।

२.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुले आ.व. २०७६/७७ को तेश्रो चौमासिकसम्मको प्रतिवेदन पठाएको प्रति पेश गर्नुपर्नेछ । निकासा फुकुवा माग गरेको मितिमा प्रथम चौमासिक अवधिको IPR/FMR पठाउने मिति (चौमासिक अवधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए



सह-महालेखा नियन्त्रक

प्रथम चौमासिक अवधिको IPR/FMR दातृ निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रतिलिपि पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

२.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawl Application) पठाई सो को एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । शोधभर्ना फुकुवा माग गर्दा Withdrawl Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋण तर्फको शोधभर्ना मागको Withdrawl Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्ने छ ।

२.५ आ.व. २०७६/०७७ को तेस्रो चौमासिक सम्ममा महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्बन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

२.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा नियन्त्रक कार्यालयको केन्द्रीय खातामा सोही रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याइ हुने विवरण सहित सम्बन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ ।

२.७ निकासा लिइ आयोजनाबाट खर्च नभएको रकम तथा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

२.८ बजेटमा स्रोतगत बाँडफाँड फरक भै खर्च भएको तर दातृ निकायसँगको सम्झौता अनुसार शोधभर्ना प्राप्त हुन नसक्ने

तथा शोधभर्ना स्रोतबाट खर्च भै वक्यौता हिसाबमा शोधभर्ना लिन बाँकी देखिएको रकम आ.व. २०७५/०७६ सम्मको भए श्रोतान्तर भै हिसाब मिलान भैसकेको हुनु पर्ने र आ.व. २०७६/०७७ को भए अर्थ मन्त्रालयमा श्रोतान्तरको लागि पेश भएको पत्रको बोधार्थ वा प्रतिलिपी पेश गर्नु पर्नेछ ।

२.९ नयाँ सम्झौता भएको आयोजनाको हकमा दातृ निकायसँग भएको सम्झौताको प्रति (Financing Agreement, Disbursement Letter, Project Appraisal Document, Loan/Grant Effective Letter) वा यस्तै सम्झौतासँग सम्बन्धित कागजातहरु पेश गर्नु पर्नेछ ।

२.१० आ.व.२०७७/०७८ को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यक्रम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गर्नु पर्नेछ ।

२.११ आयोजनाको सम्झौताको म्याद, सम्झौता बमोजिमको शोधभर्ना रकम, हालसम्मको खर्च, शोधभर्ना भएको रकम र शोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी आ.व. २०७६/०७७ को तेश्रो

चौमासिक सम्मको आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २८ संग सम्वन्धित अनुसूची
नियम ३७ (५) संग सम्वन्धित अनुसूची-८ वमोजिमको प्रतिवेदन पेश गर्नु पर्ने छ ।

२.१२ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाबको चौमासिक विवरण पेश गर्नु पर्नेछ ।

२.१३ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्ने छ ।

२.१४ यस कार्यालयमा रहेको आयोजनागत/स्रोतगत शोधभर्ना वक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भई अद्यावधिक भएको हुनु पर्नेछ ।

२.१५ Disbursement Linked Indicator-DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Project Agreement, Progress Report/ DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ ।

२.१६ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेशगर्नु पर्नेछ ।

२.१७ निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा लेखापरीक्षण भएको आयोजना लेखा (Audited Projected Account) बुझाउनु पर्ने अवधि नाघिसकेको भए उक्त आयोजना लेखा पेश भइसकेको हुनुपर्ने छ ।

२.१८ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले शोधभर्ना बक्यौता हिसावमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसाबको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ ।

## ३. तेश्रो चौमासिक फुकुवा प्रकृया :

३.१ सहायता सम्झौता बमोजिम संचालनमा रहेका कार्यक्रम/आयोजनाको चालु आ.व. २०७७/०७८ को प्रथम चौमासिक सम्मको शोधभर्ना लिन बाँकी ऋण र अनुदान खर्च दातृ पक्षबाट शोधभर्ना प्राप्त भैसकेको हुनुपर्नेछ । एउटा दातृ निकायको ऋण तर्फ बढी शोधभर्ना प्राप्त भई अनुदानमा शोधभर्ना लिन बाँकी रही कूल शोधभर्ना प्राप्त भएता पनि सो दातृ निकायको अनुदान तर्फको श्रोत भने फुकुवा गरिने छैन ।

तर शोधभर्ना प्राप्त हुनु पर्ने रकम बक्यौता रहे पनि दातृ निकायबाट तत्काल शोधभर्ना प्राप्त हुने अवस्था नभएमा पनि श्रोत फुकुवा गर्नुपर्ने भएमा अर्थ मन्त्रालयबाट शोधभर्ना श्रोत फुकुवा गरी दिन भनि निर्णय भई आएमा सो पत्र सहित शोधभर्ना समयमा प्राप्त नहुनाका कारण सहित सम्वन्धित आयोजना/निकायका प्रमुख तथा आर्थिक प्रशासन प्रमुखले यथाशिघ्र शोधभर्ना माग गर्ने व्यहोरा सहितको लिखित प्रतिवद्धता पेश गरेमा श्रोत फुकुवा गरिनेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

तेस्रो चौमासिकको शोधभर्ना रकम फुकुवा माग गर्ने आयोजना/निकायले अनुसूची २ अनुसारको ढाँचामा शोधभर्नाको विवरण र संलग्न Checklist प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

३.२ सम्वन्धित आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको ढाँचामा आ.व. २०७६/०७७ को आयोजना लेखा (लेखा परीक्षण भएको) दातृ निकायमा पेश गरि सकेको हुनुपर्ने । आयोजना लेखा ( लेखा परीक्षण भएको) पेश गर्नु नपर्ने आयोजनाहरुले दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत वित्तिय विवरण पठाएको जानकारी सहित वित्तिय विवरण पेश गर्नुपर्नेछ ।

३.३ Implementation Progress Report (IPR) र Financial Monitoring Report (FMR) प्रणालीबाट शोधभर्ना हुने आयोजना/निकायहरुलेआ.व.२०७७/०७८ को प्रथम चौमासिकको IPR/FMRअनुसार शोधभर्ना हुने गरी भएको खर्च रकम शोधभर्ना प्राप्त भैसक्नु पर्ने । निकासा माग गरेको मितिमा दोश्रो चौमासिक अवधिको IPR/FMR पठाउने मिति (चौमासिक अवधि समाप्त भएको ४५ दिन भित्र) नाघेको भए दोश्रो चौमासिक अवधिको IPR/FMR दातृ पक्ष/निकायलाई पेश गरी यस कार्यालयलाई एक प्रति पेश वा जानकारी गर्नु पर्नेछ ।

३.४ थ्रेसहोल्ड रकम पुगिसकेको शोधभर्ना लिनु पर्ने रकमको तुरुन्त शोधभर्ना वा कोषपूर्तिको लागि दातृ निकायमा मागपत्र (Withdrawl Application) पठाई सो को एक प्रति अनिवार्य रुपमा महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ । शोधभर्ना फुकुवा माग गर्दा Withdrawl Application को विवरण समेत चेक लिष्ट साथ संलग्न गरिएको हुनुपर्ने छ । ऋण तर्फको शोधभर्ना मागको Withdrawl Application को विवरण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयलाई समेत पठाउनु पर्ने छ ।

३.५ महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार शोधभर्ना श्रोतमा खर्च देखिएको तर दातृ निकायसँगको सम्झौताको शर्त अनुसार तत्काल दातृ निकायबाट शोधभर्ना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम वास्तविक रुपमा खर्च भैनसकेको कारणले शोधभर्ना तत्काल प्राप्त हुन नसक्ने आयोजना/कार्यक्रमको हकमा त्यस्तो रकम यकिन गरी सम्वन्धित मन्त्रालयबाट सोको प्रमाणित प्रतिवेदन सहित फुकुवा सिफारिश भै आएको हुनु पर्नेछ ।

३.६ दातृ निकायबाट सम्झौता अनुसारको सबै शोधभर्ना प्राप्त भएको तर बैंकले कमिशन लिदा महालेखा कार्यालयको केन्द्रीय खातामा कमिशन बराबरको रकम घटि हुन गएमा बैंकले कमिशन लिएको पुष्ट्याइ हुने विवरण सहित सम्वन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनुपर्ने र सो रकम श्रोतान्तरको लागि अर्थ मन्त्रालयमा पेश गरेको हुनु पर्नेछ ।

३.७ निकासा लिइ आयोजनाबाट खर्च नभएको रकम तथा अन्य कुनै कारणले बेरुजु खातामा दाखिला गर्नुपर्ने भए त्यस्तो रकम बैंक दाखिला गरी भौचर पेश गरेको हुनु पर्नेछ ।

३.८ यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी/LMBIS र कार्यक्रम समायोजन भैसकेको हुनु पर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

३.९ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३७(२) (घ) अनुसार चालु आ.व. को दोस्रो चौमासिकसम्मको शोधभर्ना तर्फको रकम भिडान गरेको र श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए सो समेत सोही नियमावलिको नियम ३८(१) अनुसार अर्थ मन्त्रालयवाट नियमित भईसकेको अर्थ मन्त्रालयको पत्र प्राप्त भईसकेको हुनु पर्नेछ।

३.१० आर्थिक कार्यविधि नियमावली २०६४ को नियम २८ संग सम्वन्धित अनुसूची ४ र नियम ३७ (५) संग सम्वन्धित अनुसूची-८ वमोजिमको चालू आ.व. २०७७/०७८ को प्रथम चौमासिक सम्मको प्रतिवेदन पेश गर्नु पर्नेछ।

३.११ आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसावको चौमासिक विवरण विवरण पेश गर्नु पर्नेछ।

३.१२ Disbursement Linked Indicator-DLI मा आधारित आयोजना/कार्यक्रमहरुको हकमा Progress Report/DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ।

३.१३ Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई पेश गर्नु पर्नेछ।

३.१४ नेपाल सरकार र दातृ निकाय बीच मूल सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारवाट खर्च भै गएकोले शोधभर्ना वक्यौता हिसावमा जनिएको तर सहायक ऋण संझौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको अवस्थामा उक्त रकमको हिसावको प्रमाणित विवरण पेश गरी सो रकम कट्टा गरी मात्र निकासा फुकुवा गरिनेछ।

३.१५ वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम चौमासिक सम्मको वजेट, निकासा तथा खर्चको श्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतवाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

## आयोजना लेखा सिफारिस गर्ने सम्बन्धमा

(१) वैदेशिक स्रोत समावेश भएका आयोजनाहरुको दातृ निकायमा पेश गरिने आयोजना लेखाको सम्बन्धमा सामान्यतया लेखापरीक्षण नभएको आयोजना लेखा (Un-Audited Project Account) असोज मसान्त भित्र र लेखापरीक्षण भएको आयोजना लेखा (Audited Project Account) पौष मसान्त भित्र पेश गरि सक्नुपर्नेछ । सम्वन्धित दातृ निकायसँग भएको सम्झौतामा लेखापरीक्षण भएको र नभएको आयोजना लेखा पेश गर्ने समयावधिका सम्बन्धमा छुट्टै व्यवस्था भएको छ भने सोही बमोजिम पेश हुनुपर्नेछ ।

(२) आयोजना लेखा प्रमाणित/सिफारिसको लागि यस कार्यालयमा पठाउँदा सम्बन्धित मन्त्रालयका सचिव र आर्थिक प्रशासन शाखा प्रमुखको दस्तखत गरी पेश गर्नुपर्ने । सम्बन्धित मन्त्रालयले आयोजना लेखा प्रमाणित/सिफारिसका लागि यस कार्यालयमा पत्र पठाउँदा बजेट उप-शिर्षक, आयोजनाको नाम, ऋण/अनुदान नम्बर र माथि बुदा नं. १ मा उल्लेखित समयमा पेश गर्न नसकेको भए सो को उचित कारण समेत उल्लेख गर्नुपर्नेछ ।

(३) एउटै बजेट उप-शिर्षकबाट दुई वा दुई भन्दा बढी आयोजनाहरुले निकासा/खर्च गर्ने व्यवस्था भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले एकीकृत आयोजना लेखा पेश गर्नु पर्नेछ । ऋण तथा अनुदान सम्झौता अनुसार एकीकृत आयोजना लेखा पेश गर्न नपर्ने भएमा सम्बन्धित मन्त्रालय, आयोजना वा समन्वय कार्यालयले मातहतका आयोजनाबाट विवरण माग गरी आयोजनाको विनियोजित बजेट, निकासा/खर्च, शोधभर्ना प्राप्ती र शोधभर्ना बाँकी रकम स्पष्ट हुने गरी बजेट कार्यन्वयन शाखामा एकीकृत वित्तीय विवरण अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(४) सम्बन्धित निकाय/आयोजनाबाट प्रमाणित वा सिफारिसको लागी पेश भएका आयोजना लेखामा दातृ निकायबाट वस्तुगत सहायता तथा सोझै भुक्तानी अन्तर्गत प्राप्त भएका सबै रकमहरुको उल्लेख गर्नुपर्नेछ । यस्ता रकमहरु महालेखा नियन्त्रक कार्यालयको एकल खाता कोष प्रणालीमा लेखाङ्कन गरेर मात्र उल्लेख गर्नुपर्नेछ ।

(५) आयोजना संचालन गर्ने निकायमा आ.व.२०७६/०७७ मा र सो भन्दा अगाडि नै बन्द भएका आयोजना भए त्यस्ता बन्द आयोजनाको शोधभर्ना लिन बाँकि भए श्रोतान्तर वा हिसाव फरफारक / समायोजन गरी तथा बढी शोधभर्ना प्राप्त भैसकेका आयोजना भए अर्थ मन्त्रालयबाट निर्णय गराई हिसाव मिलान गरी गराई त्यसको प्रगति पेश गर्नु पर्नेछ ।

(६) यस कार्यालयमा आयोजना लेखा प्रमाणित/शिफारिसका लागि पेश गर्दा आयोजना लेखामा उल्लेख भएको वैदेशिक श्रोत तर्फ शोधभर्ना हुने ऋण प्राप्ती, ऋण लगानी वा सेयर लगानीको हिसाव सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको अभिलेखसंग भिडान गरी पेश भएको हुनुपर्ने छ ।

(७) आयोजनाबाट प्रमाणित वा सिफारिसको लागी पेश भएका आयोजना लेखा यस कार्यालयमा रहेको अभिलेखसँग भिडान गरी उक्त आयोजना लेखा भिडान भएको र अन्य शर्तहरु पूरा भएको अवस्थामा आयोजना लेखा प्रमाणित वा सिफारिस गर्न अनुमानित कम्तिमा ५ दिन लाग्ने हुँदा सोही अनुसार समय तालिका मिलान गर्नुपर्नेछ ।



उप-महालेखा नियन्त्रक

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

अनुसूची १

शोधभर्नाको विवरण (दोश्रो चौमासिक श्रोत फुकुवाको लागि)

आर्थिक वर्ष :
आयोजनाको नाम :
दातृ निकाय/पक्ष :
बजेट उपशिर्षक :
ऋण/अनुदान नं. :

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व. २०७५।७६ सम्मको शोधभर्ना लिन बाँकी रकम (अल्या) | | | |
| २ | आ.व. २०७६।७७ सम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ३ | आ.व. २०७६।७७ मा शोधभर्ना प्राप्त रकम | | | |
| ४. | हिसाब समयोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | खुद शोधभना बाँकी (१+२+३±४) | | | |

आर्थिक प्रशासन प्रमुखको
नाम :
दस्तखत :

आयोजना प्रमुखको
नाम :
दस्तखत :

महालेखा नियन्त्रक

मिति २०७७।०४।१३ को निर्णय अनुसार दोश्रो चौमासिकको शोधभर्ना श्रोत फुकुवा हुन आवश्यक बुदाहरुको Checklist

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

सम्बन्धित मन्त्रालय:

आयोजनाको नाम :

अनुदान/ऋण नं. :

बजेट उपशिर्षक नं.:

| कार्यबिधिको बुदा न. | कार्य बिधिको बिबरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| २.१ | आ.व. २०७६।०७७ सम्मको शोधभना'लिन बाँकी सवै रकम शोधभर्ना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| | सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकुवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. ............च.न. ................मिति............... | | | | |
| २.२ | आ.व.२०७६।०७७ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजना लेखा (लेखा परिक्षण नभएको) पेश भएको हुनु पर्ने । | | | | |
| | आयोजना लेखा पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुर्नुपर्ने । | | | | |
| २.३ | IPR/FMR दातृनिकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनु पर्ने । | | | | |
| २.४ | शोधभना वा कोषपुर्तिको लागि माँग पत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने | | | | |
| | निकासा फुकुवा मागगर्दा अघिल्लो चौमासिकको शोधभर्ना माग प्रकिया सुरु गरेको हुनुपर्ने । | | | | |
| २.५ | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्वन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनुपर्ने । | | | | |
| २.६ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्वन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| २.७ | वेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| २.८ | आ.व २०७५।०७६ सम्मको स्रोतान्तर हुनुपर्ने रकम भैसकेको हुनु पर्नेछ । | | | | |
| २.९ | नयाँ सम्झौता भएको आयोजनाको सम्झौतासँग सम्वन्धित कागजातहरु पेश भएको हुनु पर्ने । | | | | |
| २.१० | आ.व.२०७७/०७८ को बजेट अख्तियारी/LMBIS, स्वीकृत कार्यक्रम, जिल्लागत बाँडफाँड हुनेमा जिल्लागत र स्रोतगत बाँडफाँड पेश गनुपर्नेछ । | | | | |
| २.११ | अनुसूची ४ र अनुसूची-८ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| २.१२ | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब पेश भएको हुनु पर्ने । | | | | |
| २.१३ | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटबढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनु पर्ने | | | | |
| २.१४ | यस शाखामा रहेको आयोजनागत/स्रोतगत शोधभर्ना बक्यौता हिसाबसँग आयोजनाको हिसाब भिडान भएको | | | | |
| २.१५ | DLI मा आधारित आयोजना/कार्यक्रमहरुको Progress report/ DLI rotation Plan सहित Disbursement Schedule पेश भएको । | | | | |
| २.१६ | Retroactive Financing को हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई बिवरण पेश भएको । | | | | |
| २.१७ | निकासा फुकुवा दिने मितिमा सम्झौता अनुसार दातृ निकायमा आयोजना लेखा (Audited) बुझाउनु पर्ने अवधि नाघिसकेको भए आयोजना लेखा(Audited) पेश भएको | | | | |
| २.१८ | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोधभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित विवरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्नु पर्ने । | | | | |

आर्थिक प्रशासन प्रमुखको

नाम :

दस्तखत :

आयोजना प्रमुखको

नाम :

दस्तखत :

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

अनुसूची २

शोधभर्नाको विवरण (तेश्रो चौमासिक श्रोत फुकुवाको लागि)

आर्थिक वर्ष :
आयोजनाको नाम :
दातृ निकाय/पक्ष :
बजेट उपशिर्षक :
ऋण/अनुदान नं. :

| क.सं. | विवरण | अनुदान | ऋण | जम्मा |
|---|---|---|---|---|
| १. | आ.व. २०७६।०७७ को शोधभर्ना लिन बांकी रकम (अल्या) | | | |
| २ | आ.व. २०७७।०७८ को प्रथम चौमासिक सम्मको शोधभर्ना हुने कूल खर्च | | | |
| ३ | आ.व. २०७७।०७८मा हाल सम्म शोधभर्ना प्राप्त रकम | | | |
| ४. | हिसाव समयोजन गरि शोधभर्ना बाँकी रकम घटाउने/जोड्ने | | | |
| | खुद शोधभना बाँकी (१+२+३±४) | | | |

आर्थिक प्रशासन प्रमुखको
नाम :
दस्तखत :

आयोजना प्रमुखको
नाम :
दस्तखत :

नेपाल सरकार

5912-NP

मिति २०७७।०४।१३ को निर्णय अनुसार तेश्रो चौमासिकको शोधभर्ना श्रोत फुकुवा हुन आवश्यक वुदाहरुको Checklist

...न्धित मन्त्रालय:
...योजनाको नाम :
...नुदान/ऋण नं. :
बजेट उपशिर्षक नं.

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

| कार्य बिधिको बुदा न. | कार्य बिधिको बिवरण | छ | छैन | अन्य/कैफियत | आवश्यक नपर्ने |
|---|---|---|---|---|---|
| ३.१ | आ.व. २०७७।०७८ को प्रथम चौमासिकसंम्मको शोधभना लिन बाँकी सबै रकम शोधभना प्राप्त भैसकेको हुनुपर्ने । | | | | |
| | सो नभएमा अर्थ मन्त्रालयबाट शोधभना बक्यौता रहे पनि श्रोत फुकूवा दिन सिफारिस भै आउनु पर्ने । मन्त्रालयको प.स. च.न. मिति | | | | |
| ३.२ | आ.व.२०७६।०७७ को आयोजनाहरुले दातृ निकायले निर्दिष्ट गरेको आयोजना लेखा (लेखा परिक्षण भएको) पेश भएको हुनु पर्ने | | | | |
| | आयोजना लेखा पेश गर्नु नपर्ने दातृ निकायहरुको स्रोत तर्फको हकमा दातृ निकायबाट निर्दिष्ट गरिएको आयोजना/कार्यक्रमको निंकासा खर्चको एकिकृत विवरण पठाएको जानकारी र विवरण पेश भएको हुनु पर्ने । | | | | |
| ३.३ | IPR/FMR दातृ निकायलाई पेश भएकोमा यस कार्यालयलाई एक प्रति प्राप्त हुनुपर्ने । | | | | |
| ३.४ | शोधभर्ना वा कोषपुर्तिको लागि माँग पत्र/ Withdrawl Application दातृ निकायमा पठाएकोमा सो को एक प्रति महालेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने । | | | | |
| | निकासा फुकुवा मागगर्दा अघिल्लो चौमासिकको शोधभर्ना माग प्रकिया सुरु गरेको हुनुपर्ने । | | | | |
| ३.५ | दातृ निकायबाट शोधभना प्राप्त नहुने धरौटी, प्रतित-पत्र, पेश्की आदि रकम भएमा सम्वन्धित मन्त्रालयबाट फुकुवा सिफारिश भै आएको हुनु पर्ने । | | | | |
| ३.६ | बैंकले कमिशन लिएको भए सो पुष्ट्याइ हुने विवरण सहित सम्वन्धित मन्त्रालयबाट फुकुवाको लागि सिफारिस भइ आएको हुनु पर्नेछ । | | | | |
| ३.७ | बेरुजु खातामा दाखिला गरेको रकमको बैंक भौचर पेश गर्नु पर्नेछ । | | | | |
| ३.८ | यस आ.व. मा रकमान्तर/श्रोतान्तर भै रकम घटवढ भएको भए सो अनुसार जिल्लागत र श्रोतगत अख्तियारी र कार्यक्रम समायोजन भैसकेको हुनुपर्ने । | | | | |
| ३.९ | श्रोतगत रुपमा फरक पारी खर्च भएको वा Joint Financing Agreement अनुसार संसोधन गरी वजेट मिलान गर्नु पर्ने भए गरिसकेको हुनु पर्ने । | | | | |
| ३.१० | आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिमको अनुसूची ४ र ८ को प्रतिवेदन पेश गर्नु पर्ने । | | | | |
| ३.११ | आयोजनाको नाममा खोलिएको विशेष खाताको हिसाब पेश भएको हुनु पर्ने । | | | | |
| ३.१२ | DLI मा आधारित आयोजना/कार्यक्रम हरुको Progress report/ DLI Rotation Plan सहित Dishbursement Schedule पेश गर्नु पर्नेछ | | | | |
| ३.१३ | Retroactive Financing भएका आयोजना/कार्यक्रम हरुको हकमा कुल आयोजना/कार्यक्रम लागत, Retroactive Financing अनुपात/प्रतिशत र शोधभर्ना हुने गरी भएको जम्मा खर्च खुलाई विवरण पेश भएको । | | | | |
| ३.१४ | नेपाल सरकार र दातृ निकाय बीच सहायता सम्झौता भै प्राप्त भएको अनुदान/ऋण रकम नेपाल सरकारले सहायक ऋण सम्झौता गरी स्वायत्त संस्थाहरुमा गरिएको लगानी रकम नेपाल सरकारबाट खर्च भै गएकोले सोभभर्ना बक्यौता हिसाबमा जनिएको तर सहायक ऋण सम्झौता गर्ने संस्थाले खर्च नगरी मौज्दात रहेको रकमको हिसाबको प्रमाणित विवरण पेश गरि सो रकम कट्टा गरी मात्र निकासा फुकुवा माग गर्ने । | | | | |
| ३.१५ | वित्तीय हस्तान्तरण भई प्रदेश तथा स्थानीय तहमा सञ्चालित आयोजनाको हकमा चालु आ.व.को प्रथम चौमासिक संम्मको वजेट, निकासा तथा खर्चको श्रोतगत विवरण सम्वन्धित आयोजना सञ्चालन गर्ने निकायले तयार गरी सम्वन्धित लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराई पेश गरेको हुनुपर्ने । | | | | |

आर्थिक प्रशासन प्रमुखको
नाम :
दस्तखत :

आयोजना प्रमुखको
नाम :
दस्तखत :

अनुसूची-४

(नियम २८ को उपनियम (१) सँग सम्बन्धित)

ऋण/अनुदान (सोधभर्ना हुने) रकम प्रयोगको प्रतिवेदन फाराम

आ.व.२०७७/०७८ को ......... चौमासिक सम्मको अवस्था

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

योजनाको नाम र ठेगाना:
उपशीर्षक नं.:
संयोजक वा सोधभर्ना माग गर्ने अधिकारीको नाम र सम्पर्क टेलिफोन नं.:
दातृ संस्था:
ऋण र अनुदान नं.:
ऋण र अनुदान शुरु हुने मिति:
ऋण र अनुदान बन्द हुने मिति:

यस आ.व. को स्वीकृत बजेट (सोधभर्ना हुने गरी):

| क्याटोगोरी नं. | क्याटोगोरी को नाम | ............. मुद्रामा | | | | विनिमय दर | नेपाली रुपैयामा | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्झौतामा व्यवस्था भएको कूल रकम | गत आ.व. सम्मको प्राप्त रकम | यस आ.व. मा प्राप्त रकम | बाँकी | | बाँकी | दरखास्त पत्र पेश भएकोमा प्राप्त हुन बाँकी रकम | खर्च भएको तर दरखास्त पत्र पेश गर्न बाँकी रकम | बाँकी ऋण र अनुदान रकम | यस आ.व. को बाँकी अवधिमा खर्च हुने अनुमानित रकम | |
| १ | २ | ३ | ४ | ५ | ६=३-(४+५) | ७ | ८=६x७ | ९ | १० | ११=८-(९+१०) | १२ | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुख:
मिति:

कार्यालय / योजना प्रमुख:
मिति:

द्रष्टव्य:
(१) यो फाराम नियम ३७ बमोजिम सोधभर्ना माग गर्ने पदाधिकारीले तयार गर्नु पर्दछ ।
(२) चौमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र महालेखा नियन्त्रक कार्यालय र तालुक विभाग र मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

अनुसूची-८

(नियम ३७ को उपनियम (५) सँग सम्बन्धित)

.............................. मन्त्रालय

ऋण/अनुदान (सोधभर्ना हुने) रकमको प्रतिवेदन फाराम

आ.व. २०७७/०७८ को ............ चौमासिक सम्मको अवस्था

| बजेट उपशीर्षक नं. | योजनाको नाम | ऋण र अनुदान संकेत नं. | दातृ संस्था | सम्झौतामा व्यवस्था भएको कूल रकम........ मुद्रामा | नेपाली रुपैयामा | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सोधभर्ना हुने गरी भएको कूल खर्च | हालसम्म सोधभर्ना प्राप्त | दरखास्त पत्र पेश भएको तर प्राप्त हन बाँकी | दरखास्त पत्र पेश गर्न बाँकी | बाँकी ऋण र अनुदान रकम | कैफियत |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

आर्थिक प्रशासन शाखा प्रमुख:
मितिः

सचिव:
मितिः

दृष्टव्य:

(१) महल नं. ५ मा सम्झौतामा भएको व्यवस्था अनुरुपको मुद्रामा लेख्नु पर्दछ ।

(२) यो चौमासिक अवधि समाप्त भएको तीस दिनभित्र मन्त्रालयले महालेखा नियन्त्रक कार्यालयमा पेश गर्नु पर्दछ ।